# राष्ट्रिय बीमा संस्थान

# कार्य प्रगति विवरण

**प्रशासक : कवि प्रसाद पाठक** **नियुक्ति मिति : २०७५।२।९**

## १. व्यवसाय विस्तार सम्बन्धमा (२०७५ असार मसान्त र २०७७ चैत्रमसान्तको तुलनात्मक विवरण)

- बीमालेख संख्या २०७५ असारमा ३,७२,७३१ वटा रहेकोमा २०७७ चैत्रमा ७,३८,८११ वटा पुगेको ।
- बीमाशुल्क संकलन वार्षिक रु.३ अर्ब १६ करोड २७ लाख रहेकोमा २०७७ चैत्रसम्म (९ महिना) मा रु. ६ अर्ब ९६ करोड ९३ लाख संकलन भएको ।
- कुल बीमा कोष २०७५ असारमा रु. १५ अर्ब ७२ करोड ५३ लाख रहेकोमा हाल वृद्धि भई करिब रु. ३२ अर्ब पुगेको ।
- वार्षिक वचत तत्कालिन अवस्थामा १ अर्ब २० करोड रहेकोमा चैत्रसम्ममा ५ अर्ब २० करोड भएको ।
- संस्थानको प्रधान कार्यालय बाहेक विराटनगर शाखाबाट मात्र बीमालेख जारी गर्ने गरिएकोमा हाल प्रधान कार्यालय र २२ वटा शाखा कार्यालयबाट बीमालेख जारी गर्ने गरिएको ।
- बीमा व्यवसायको मेरुदण्डको रुपमा रहेका अभिकर्ताको संख्या ५,२८६ बाट वृद्धि गरी ७,२४८ जना पु¥याइएको ।
- यस अवधिमा २ वटा नयाँ बीमा योजना लागू गरिएको , केही बीमा योजनाहरु परिमार्जन गरिएको र थप बीमा योजना तयार गर्ने क्रममा रहेको ।
- व्यवसाय विस्तारको लागि जनसचेतना फैलाउने तथा संस्थानबाट प्रदान गरिने सेवाको बारेमा जानकारी दिने उद्देश्यले विभिन्न संचार माध्यमबाट विज्ञापन प्रकाशन तथा प्रसारण भइरहेको ।

## २. सूचना प्रविधि सम्बन्धमा

- संस्थानमा विगत लामो समय देखि DOS Based Software बाट कार्य भइरहेकोमा Web Based Software खरिद गरी संचालनमा ल्याइएको जसले गर्दा सबै कार्यालयबाट गरिएका कारोबारलाई एकीकृत गर्न सकिएको ।
- वि.सं. २०७६ श्रावण पछिका सबै कारोबार नयाँ Software बाट गर्ने व्यवस्था मिलाइएको ।
- पुरानो Software बाट गरिएका कारोबारहरु समेत नयाँ System मा Migrate गर्न Data Validate कार्य अन्तिम चरणमा रहेकोले एक महिनाभित्र Data Migration गर्न सकिने अवस्था रहेको ।
- SMS मार्फत बीमितलाई आवश्यक सूचना प्रवाह गर्ने कार्यको शुरुवात गरिएको ।

- संस्थानको सेवाको बारेमा जानकारी गराउन र ग्राहकले आफनो कारोबार बारेमा जानकारी लिन सक्ने गरी Mobile App तयार गरी कार्यान्वयनमा ल्याइएको ।
- संस्थानको website लाई व्यवस्थित बनाइएको ।
- कार्यालयमा नयाँ Networking सम्पन्न गरिएको र Data Center स्थापना गर्ने कार्य भइरहेको ।
- बीमाशुल्क संकलन तथा विभिन्न भुक्तानीहरु Online मार्फत संचालन गर्न Nepal Clearing House Limited (NCHL) सँग सम्झौता भई कार्य भइरहेको ।
- Human Resource Information System (HRIS) खरिद गरी कार्यान्वयनको अन्तिम चरणमा रहेको ।

## ३. पुरानो हिसाब व्यवस्थापन सम्बन्धमा

- सन् २००७ देखि सन् २०१६ सम्मको बीमाङ्कीय मुल्याङ्कन कार्य सम्पन्न गरिएको र सो भन्दा पछिल्लो अवधिको मुल्याङ्कनको लागि Data Preparation कार्य भइरहेको ।
- आ.व. २०६९।७० देखि आ.व. २०७३।७४ सम्मको लेखा परीक्षण कार्य आन्तरिक रुपमा सम्पन्न गरिएको ⁄अघिल्लो आ.व.को वित्तीय विवरण स्वीकृत हुन नसक्दा अन्तिम रुप दिन नसकिएको ⁄ बीमा समितिबाट हाल आएर स्वीकृत दिने क्रम शुरु भएकाले यथाशीघ्र अन्तिम रुप दिन सकिने अवस्था रहेको ⁄ बाँकी अवधिको एक वर्ष भित्र सम्पन्न गर्न सकिने अवस्था रहेको ।
- लेखा परीक्षण कार्य सम्पन्न भएका वर्षहरुको वित्तीय विवरण स्वीकृति भए पश्चात साधारण सभा गर्न सकिने अवस्था रहेको ।
- सन् २००७ देखि सन् २०१६ सम्मको General Insurance Corporation (GIC) of India संगको पुनर्बीमाको हिसाब भिडान गरी भुक्तानीको व्यवस्था गरिएको बाँकी अवधिको हिसाब भिडान कार्य भइरहेको ।
- नेपाल पुनर्बीमा कम्पनी लिमिटेडसंगको सन् २०१५ देखि सन् २०१८ सम्मको पुनर्बीमाको हिसाब भिडान गरी भुक्तानी गरिसकिएको र बाँकी अवधिको हिसाब भिडान कार्य भइरहेको ।
- पुरानो हिसाब भिडानमा देखिएको ठूलो फरक रकमलाई क्रमशः साँघुरो बनाउँदै लगेको ⁄ हिसाब भिडान कार्यलाई प्राथमिकतासाथ अघि बढाइएको ।
- विभिन्न बैकमा रहेका खाताहरु यकीन गरी अनावश्यक खाताहरु क्रमश : बन्द गर्दै हिसाब भिडानमा सरलीकृत गर्दै लगिएको ।

## ४. अन्य कार्यहरु

- लामो समयदेखि कर्मचारी नियुक्ति हुन नसकेकोमा ४ पटक विज्ञापन गरी ८६ जना नयाँ दक्ष कर्मचारी नियुक्ति गरिएको ।
- शाखा कार्यालय विस्तार गरी २२ वटा पुऱ्याइएको ।
- कार्यालयहरुको कामलाई सहज बनाउन Layout परिवर्तन गरिएको ।
- कार्यालय सामानको भौतिक परीक्षण कार्य अगाडि बढाइएको ।
- आवश्यक नियमावली, कार्यविधि र निर्देशिकाहरु निर्माण तथा संशोधन गरिएको ।
- संस्थानको सेवाहरुलाई छिटो छरितो किसिमले प्रवाह गर्ने व्यवस्था मिलाइएको साथै संस्थागत सुशासन कायम गरिएको ।
- संगठन तथा व्यवस्थापन सर्भेको कार्य भइरहेको जेठ मसान्तसम्म प्रतिवेदन प्राप्त हुने ।
- रणनीतिक योजना तर्जुमाको कार्य भइरहेको ।
- संस्थानको चुक्ता पूँजी १८ करोड १० लाख मात्र रहेको तथा बीमा समितिको निर्देशन अनुसार २ अर्ब पुऱ्याउनु पर्ने भएको हुँदा पूँजी योजना (Capital Plan) तयार गरिएको ।
- संस्थानको Due Diligence Audit (DDA) को कार्य भइरहेको ।
- संस्थानको विभिन्न संस्थामा रहेको शेयरको हालको मुल्य स्वतन्त्र मुल्याङ्कन कर्ताबाट गराइएको जसले गर्दा संस्थानको यर्थाथ अवस्था थाहा पाउन सकिएको ।
- २०३१ सालमा रकम भुक्तानी गरेर पनि तत्कालीन नेपाल खाद्य संस्थानसंग खरिद गरिएको जग्गा आफनो नाममा आउन नसकेकोमा लामो प्रयास पछि २०७७ चैत्र २३ गतेको नेपाल सरकार मन्त्रिपरिषदको बैठकबाट हक हस्तान्तरणको निर्णय भइसकेको हुँदा तत्काल आफनो नाममा आउन सक्ने अवस्था रहेको ।
- नयाँ Software को शुरुवात पछि नियमित रुपमा भौचर उठाउने , पोष्टिङ्ग गर्ने र हिसाब भिडान गर्ने व्यवस्था गरिएको ।
- त्रैमासिक रुपमा वित्तीय विवरण प्रकाशन गर्ने र सम्बन्धित निकायमा विवरणहरु नियमित रुपमा पठाउने गरिएको ।
- सामाजिक उत्तरदायित्व निर्वाह गर्नका लागि संस्थानले विभिन्न संघ संस्थालाई सहयोग प्रदान गरेको ।

# राष्ट्रिय बीमा संस्थान

## तुलनात्मक प्रगति विवरण

| क्र.स. | विवरण | ईकाई | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ चैत्रसम्म |
|---|---|---|---|---|---|---|
| १. | शाखा कार्यालय (कुल) | संख्या | ८ | १२ | १४ | २२ |
| २. | कर्मचारी संख्या (कुल) | संख्या | ९७ | १०५ | १०५ | ११५ |
| ३. | अभिकर्ता संख्या (कुल) | संख्या | ५२८६ | ५५४० | ६४२५ | ७२४८ |
| ४. | बीमालेख संख्या | संख्या | ३७२७३१ | ६५७८३१ | ७००९४५ | ७३८८११ |
| ५. | खुद बीमा शुल्क संकलन | रु.लाखमा | ३१६२७ | ६३५३९ | ७०६४० | ६९६९३ |
| ६. | कुल बीमा कोष | रु.लाखमा | १५७२५३ | २०६४८८ | २६५४३९ | ३२०००० |
| ७. | व्यवस्थापन खर्च | रु.लाखमा | १५४३ | २००२ | २०६५ | १४३० |
| ८. | बचत | रु.लाखमा | १२०२५ | ४९२३४ | ५८९५१ | ५२००० |
| ९. | पूँजी तथा जगेडा कोष | रु.लाखमा | ३५०८ | ४०७८ | ४६६८ | ५००० |